बैठक संख्या : ८९ (उनान्नब्बे)

समय : दिउँसो

आज मिति २०८० पौष १८ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | Sitaram |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ८९ औ कार्यपालिका बैठक (२०८०|०९|१८)

**विषय सूची**

१) गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा
२) आ.व.२०७८/०८९ को एक विद्यालय एक नर्स कार्यक्रम रकम सम्बन्धमा
३) खतिवडा सप्लायर्सको आगलागि राहत सम्बन्धमा
४) कोलनी सटर भाडा सम्बन्धमा
५) कार्यविधी संशोधन तथा स्वीकृत सम्बन्धमा
६) विद्यालयको आ.व. २०७९/०८० को लेखा परिक्षणको लागि लेखा परिक्षक नियुक्ति सम्बन्धमा
७) बसपार्क ट्रमिनल भवन मर्मत सम्बन्धमा
८) योजना सम्झौता सम्बन्धमा
९) राजश्व समितिको ठेक्का र कर प्रस्ताव सम्बन्धमा
१०) बागमती प्रदेश सरकारले उपलब्ध गराएको विद्यालय बस संचालन सम्बन्धमा
११) उपभोक्ता हित संरक्षण समिति गठन र बजार अनुगमन टोली गठन सम्बन्धमा
१२) ढल प्रशोधन केन्द्र निर्माण वडा नं २,४,५ र ६ सडक कार्यालय र नगरपालिकाको योजनाको लागि आवश्यक नदीजन्य पदार्थ सम्बन्धमा
१३) सडक बोर्ड योजना सम्बन्धमा
१४) योजना संशोधन सम्बन्धमा
१५) सडक मापदण्ड सम्बन्धमा
१६) विविध
  क) विद्युत महशुल सम्बन्धमा
  ख) दोहोरो सेवा सुविधा सम्बन्धमा
  ग) विदुर १३ मा अस्थायी प्रहरी चौकी स्थापना सम्बन्धमा
  घ) स्थानीय तह कोषको खर्च प्रतिवेदन सम्बन्धमा
  ङ) विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता सम्बन्धमा
  च) ) नगरपालिकाबाट सम्पन्न भइ जाचपास तथा फरफारक भएका योजनाहरू अनुमोदन गर्ने
  छ) कर्‌टोलीमा परिचालन हुने कर्मचारीहरूलाइ अतिरिक्त इन्धन सम्बन्धमा
  ज) विदुर १० महभिरमा घटेको घटना सम्बन्धमा
  झ) सूचना प्रकाशन गर्ने सम्बन्धमा
  ञ) नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सम्बन्धमा
  ट) महिला सशक्तिकरण कार्यक्रम सम्बन्धमा
  ठ) पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस सम्बन्धमा

Scanned with CamScanner

**निर्णयहरू**

**प्रस्ताव नं.१: गत कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा**

**निर्णय नं.१** यस नगर कार्यपालिकाको ८८ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा छलफल गरी कार्यान्वियन हुन बाँकी निर्णयहरू यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने।

**प्रस्ताव नं.२: आ. व. २०७८/०७९ को एक विद्यालय एक नर्स कार्यक्रम रकम सम्बन्धमा**

**निर्णय नं. २** आर्थिक वर्ष २०७८/०७९ मा स्वास्थ्य कार्यालय नुवाकोटको च.नं. ४२६ मिति २०७९/०२/२७ को पत्र साथ जम्मा रु २,१७,४४०। (अक्षेरूपी दुइ लाख सत्र हजार चार सय चालिस मात्र) रकम तलब भत्ता स्रोत भर्नाको लागि निकासा भएको उक्त रकम सोही आ.व. मा निकासा दिन नसकी यस कार्यालयको विविध शिर्षकमा रकम मौजाद रहेको हुदाँ तपसिलमा उल्लेखित विद्यालयलाई रमक निकासा गर्न कार्यालयलाई निर्देशन दिने।

तपसिल

| | |
|---|---|
| क) महेन्द्र मा. वि. | वि. न. पा. १२ |
| ख) चन्द्रज्योती मा. वि. | वि. न. पा. ५ |
| ग) त्रिभुवन त्रिशुली मा. वि. | वि. न. पा. १ |

**प्रस्ताव नं.३: खतिवडा.सप्लायर्सको आगलागि राहत सम्बन्धमा**

निर्णय नं. ३: विदुर नगरपालिका वडा नं. ४ मा रहेको खतिवडा सप्लायर्समा मिति २०८०/०७/२९ गते राती १०: ४५ बजे एक्कासी विद्युत लाईन सट भई आगलागी भएको हुदाँ उक्त सप्लायर्समा भएका सम्पूर्ण निर्माण सामाग्री जलेर नष्ट भई यस कार्यालयमा राहतको लागि मिति २०८०/०८/२१ मा निवेदन दिएको हुदाँ उक्त सप्लायर्सको प्रो. ठाकुर प्रसाद खतिवडालाई राहत स्वरुप रु १,००,०००। (अक्षेरूपी एक लाख मात्र) रकम उपलब्ध गराउने।

**प्रस्ताव नं.४: कोलनी सटर भाडा सम्बन्धमा**

निर्णय नं. ४: विदुर नगरपालिका वडा नं. ९ कोलनी स्थित सटर विगत समयदेखि नै व्यवसायीले भाडामा लिई पसल सञ्चालन गर्दै आइरहेको र प्रत्येक आ.व.मा सम्झौता अनुसार १० प्रतिशतले वृद्धि हुने भाडा दरमा व्यवसायीहरू हालसम्म सम्झौता गर्न नआएको हुनाले २०८० श्रावण देखि लागु हुने गरी प्रति महिना ४ हजारका दरले कम्तीमा ५ वर्ष भाडा वृद्धि नहुने गरी र पुन सम्झौता गर्न निवेदन दिएकोमा त्यस सम्बन्धमा छलफल हुँदा पहिलेको सम्झौता अनुसार तिर्न पर्ने राजश्व रकम दाँखिला गरे पछि पुरानै सम्झौता अनुसार कार्यान्वियन गर्न सम्बन्धित शाखालाई निर्देशन दिने।

**प्रस्ताव नं. ५: कार्यविधी संशोधन तथा स्वीकृत सम्बन्धमा**

निर्णय नं. ५:

क) समुदायमा आधारित संघ/संस्था दर्ता, नियमन तथा संचालन कार्यविधी, २०८० पास
विधायन समितिबाट छलफल गरी पेश भएको समुदायमा आधारित संघ/संस्था दर्ता, नियमन तथा संचालन कार्यविधी, २०८० स्विकृत गरी राजपत्रमा प्रकाशन गर्ने

ख) अनुगमन मुल्याकंन तथा फरफारक कार्यविधी, २०८०
अर्को कार्यपालिका बैठममा पेश गर्ने

ग) दुधमा अनुदान वितरण कार्यविधी, २०८० (पहिलो संशोधन)
अर्को कार्यपालिका बैठममा पेश गर्ने

Scanned with CamScanner

**प्रस्ताव नं. ६: विद्यालयको आ.व २०७९/०८० को लेखा परिक्षणको लागि लेखा परिक्षक नियुक्ति सम्बन्धमा**

निर्णय नं. ६: विदुर नगरपालिकाको शिक्षा नियमावली २०७४ को नियम ८ को दफा १ मा व्यवस्था भए बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष नगर कार्यपालिकाबाट नियुक्त दर्तावाला लेखा परिक्षणबाट लेखा परिक्षण गराउनुपर्ने व्यवस्था भए बमोजिम नियमपूर्वक पर्न आएको २९ वटा निवेदनबाट स्वतन्त्र लेखापरिक्षक छनोट गरी आ. व. ०७९/०८० को लेखा परिक्षक नियुक्ति गरी लेखा परिक्षण गराउन सम्बन्धित शाखालाइ निर्देशन दिने।

**प्रस्ताव नं. ७: बसपार्क टर्मिनल भवन मर्मत सम्बन्धमा**

निर्णय नं. ७: विदुर नगरपालिकाको वडा नं. ४ बसपार्कमा निर्माण भएको टर्मिनल भवनको मर्मतको लागि उपलब्ध गराएको रकम रु ३,५०,०००। (रू तीन लाख पचास हजार मात्र) समर्थन गर्ने।

**प्रस्ताव नं. ८: योजना सम्झौता सम्बन्धमा**

निर्णय नं. ८: यस आ.व. २०८०।०८१ मा संचालनका गर्न छनौट भएका योजनाहरु स्रोत अभावका कारणले सम्झौता प्रकृया अगाडि नबढेको हुनाले आर्थिक प्रशासन शाखाबाट आय व्ययको यथार्थ विवरण पेश भए पश्चात अर्को कार्यपालिका बैठकमा निर्णय गर्ने।

**प्रस्ताव नं. ९: नदीजन्य तथा खानीजन्य पदार्थको ठेक्का र आर्थिक ऐनमा छुटेका कर प्रस्ताव सम्बन्धमा**

**निर्णय नं. ९:** नदीजन्य तथा खानीजन्य पदार्थको पटकपटक सूचना प्रकाशन गर्दा समेत ठेक्का नलाएको हुदाँ पाचौं पटक रु २,६२,४३,०००। (अक्षेरूपी दुइ करोड बैसट्ठी लाख त्रिचालिस हजार मात्र) मा ठेक्काको सूचना प्रकाशन गर्न राजश्व परामर्श समितिबाट सिफारिस भई आएको निर्णय अनुमोदन गर्ने र साथै मिति २०८०/०८/१८ गते बसेको राजश्व परामर्श समितिको बैठकबाट आ.व.२०८०/०८१ मा आर्थिक ऐनमा निम्न लिखित शिर्षकमा कर लगाउने सम्बन्धमा विशेष छुट भएको हुदाँ आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी सिफारिस भए अनुसार निम्न पेश भएका शिर्षक बमोजिम कर संकलन गर्ने।

**प्रस्ताव नं. १०: वागमति प्रदेश सरकारले उपलब्ध गराएको विद्यालय बस संचालन सम्बन्धमा**

निर्णय नं. १०: प्रस्तुत विषयमा वागमती प्रदेश अन्तर्गत सामाजिक विकास मन्त्रालयबाट यस नगरपालिका अन्तर्गत वडा नं.५ को श्री चन्द्रज्योति माद्यमिक विद्यालय , शहिद जगत प्रकाश जंग शाह संस्कृत माद्यमिक विद्यालय र वडा नं ८ को भैरूम माध्यमिक विद्यालयलाई स्कुल बस उपलब्ध गराउन बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयलाइ सिफारिस गरी पठाएकोमा उक्त तीनै वटा विद्यालयलाई स्कुल बस प्राप्त भएमा सञ्चालन खर्च यस नगरपालिकाले व्यहोर्ने प्रतिवद्धता जनाउने।

**प्रस्ताव नं. ११: उपभोक्ता हित संरक्षण समिति गठन र बजार अनुगमन टोली गठन सम्बन्धमा**

निर्णय नं. १०: यस कार्यालयको "बिदुर नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४ को दफा ४ अनुसार उपभोक्ता हित संरक्षण समिति र दफा ८ को उपदफा २ मा बजार अनुगमन टोलीको व्यवस्था भए बमोजिम सो समिति गठन भइ नगर प्रमुख स्तरीय निर्णय अनुसार मिति २०८०/०६/१७ मा भएको निर्णयलाई अनुमोदन गर्ने।

**प्रस्ताव नं. १२: ढल प्रशोधन केन्द्र निर्माण वडा नं २, ४, ५ र ६, सडक कार्यालय र नगरपालिकाको योजनाको लागि आवश्यक नदीजन्य पदार्थ सम्बन्धमा**

निर्णय नं. १२: बिदुर नगरपालिकाले जारी गरेको साधारण निर्माणजन्य पदार्थको संकलन, उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७ को दफा ९ अनुसार प्राथमिकता प्राप्त योजनाको लागि विभिन्न कार्यालय तथा निर्माण सेवाहरुलाई नदिजन्य पदार्थ आवश्यक परेकोले उत्खनन् अनुमती पाउँ भनी यस कार्यालयमा निवेदन दिएको

Scanned with CamScanner

हुँदा विकास निर्माण कार्यालयलाई सहयोग गर्ने उद्देश्यले उक्त कार्यविधिको परिच्छेद ५ को दफा १४ अनुसार गठन भएको निर्माणजन्य सामाग्री सिफारिस समितिले सिफारिस गरेको आधारमा कार्यविधिको दफा ९ अनुसार प्राथमिकता प्राप्त आयोजनाको लागि वातावरणिय प्रतिवेदनको पालना हुने गरी कार्यविधिले तोकेको मापदण्ड भित्र रहेर कार्यविधिको परिच्छेद ३ को दफा ५ को ग मा व्यवस्था भए अनुसार एवं विक्री वितरण दररेट अनुसूची १ अनुसारको उत्खनन शुल्क लिइ दफा १४ अनुसार गठन भएको समितिको सिफारिसको आधारमा प्रशोधन केन्द्रवाट प्रशोधन पश्चात निकासी शुल्क पछि लिने गरी विदुर नगरपालिका क्षेत्र भित्र प्रशोधन स्थल रहने गरी मात्र हाललाई उत्खनन् शुल्क मात्र लिई उद्योग सम्म प्रशोधनमा लान पाउने गरी उत्खनन् अनुमती उपलव्ध गराउने । साथै ढल प्रशोधन केन्द्रलाइ आर्थिक एन अनुसार निकासी शुल्क समेत लिने गरी उत्खनन् अनुमति दिने ।

**प्रस्ताव नं. १३: सडक बोर्डको योजना सम्बन्धमा**

निर्णय नं. १३: आर्थिक वर्ष ०८०/०८१ मा सडक वोर्ड नेपाल र यस नगरपालिकाको लागत साँझेदारीमा निर्माण तथा मर्मत हुने तपशिलमा उल्लेखित योजना छनोट गरी सडक वोर्ड नेपालमा पठाउने ।

क) तोरी मिल देखि बसपार्क सम्मको बाटो सतरोन्नती विदुर न.पा.-१

ख) राममन्दिरबाट मञ्जुश्री होटल हुँदै लामीडाडा निस्कने सडक स्तरोन्नती बिदुर न.पा.-२

ग) मैदान टोल भैरव नेपालीको घर देखि वरेली हुँदै तोपखाना निस्कने वैकल्पिक सडक बिदुर-२

घ) हस्पिटल चोक हुँदै तुप्चे, सोले सडक खण्ड स्तरोन्नती बिदुर न.पा.-९

ङ) मुलपानी देखि वडा कार्यालय जाने सडक स्तरोन्नती विदुर न.पा.-१२

**प्रस्ताव नं. १४: योजना संशोधन सम्बन्धमा**

निर्णय नं. १४: आर्थिक वर्ष ०८०/०८१ को वडा स्तरीय योजना तथा कार्यक्रमहरू परिवर्तन गर्न पर्ने भनी माग भइ आएको हुँदा यस वर्षको कार्यक्रम कार्यान्वयनमा गई नसकेकोले आगामी हिउँदे नगरसभामा माग भए अनुसारका कार्यक्रम संशोधनका लागि पेश गर्ने

**प्रस्ताव नं. १५: सडक मापदण्ड सम्बन्धमा**

निर्णय नं. १५: यस कार्यालयले मिति २०७२ सालमा लागु गरेको सडक मापदण्ड समय अनुसार उपयुक्त नदेखिएको हुँदा बिदुर नगरपालिका वडा नं.१ देखि १३ सम्मका मुख्य राजमार्ग, सहायक राजमार्ग र भित्री सडकहरुको हाल प्राविधिक शाखावाट तयार पारी पेश गरिएको प्रतिवेदन छलफल पश्चात सबै वडाबाट बाटोको नामाकारणा सहित सर्वपक्षिय निर्णाय सहित आएपछि अर्को कार्यपालिमा बैठकमा पेश गर्ने ।

**प्रस्ताव नं. १६: विविध**

**क) विद्युत महशुल सम्बन्धमा**

यस कार्यालय अन्तर्गतका विजुरा पार्क, वद्यशाला,फोहरमैला व्यवस्थापन (सेग्रीगेसन),गंगटे पार्क, सेफ हाउस र विभिन्न स्वास्थ्य संस्थाको विद्युतको शुल्क भुक्तानी गर्न वाँकी रहेको हुँदा यस कार्यालयलाई आर्थिक भार थपिंदै गइरहेकोले स्वास्थ्य संस्था, सेफ हाउस र गंगटे पार्कको विद्युत महशुल भुक्तानी गरी लाइन सुचारु गर्ने र अन्यको हकमावक्यौता रकम भुक्तानी गरी विजुलीको लाइन काट्ने र आवश्यक परेको समयमा पुन विजुलीको लाइन जोड्ने गरी नेपाल विद्युत प्राधिकरणलाई अनुरोध पत्र पठाउने ।

**ख) दोहोरो सेवा सुविधा सम्बन्धमा**

यस कार्यालय अन्तर्गतका सवारी चालकले तलव भत्ता, चालक सेवा सुविधा र दैनिक भ्रमण भत्ता समेत लिई दोहोरो सुविधा लिइरहेको र लेखा परिक्षणको समयमा दोहोरो सुविधाको विषयमा कुरा उठेको हुँदा चालकले मासिक रूपमा पाइरहेको सुविधा मध्ये दैनिक भ्रमण भत्ता लिएको दिन चालकले पाउने तलव वाहेकको रकम कट्टा गरी भुक्तानी दिने।

Scanned with CamScanner

### ग) विदुर १३ मा अस्थायी प्रहरी चौकीस्थापना सम्बन्धमा

बिदुर नगरपालिका वडा नं.१३ को वडा कार्यालयको च.नं.८६६ मिति २०८०/०९/०४ को पत्र मार्फत वडा नं.१३ लाई हाल सम्म सामरी प्रहरी चौकीले म्यागङ सिमाना देखि कागुने सम्म र कोलनी प्रहरी चौकीले बिदुर ८ सिमाना देखि कागुने सम्म सुरक्षा दिंदै आएको अवस्थामा वडा नं.१३ को भू-भाग ठुलो भएको हुँदा अन्यत् वाट सुरक्षा प्रदान गर्ने कार्यमा समस्या देखिएको हुँदा वडा नं.१३ मा अस्थायी प्रहरी चौकी स्थापना गर्न जिल्ला सुरक्षा समितिमा सिफारिस गरी पठाउने।

### घ) स्थानीय तह कोषको खर्च प्रतिवेदन सम्बन्धमा

नगरपालिकाको विभिन्न बाह्य मूल्यांकंन र ऐनमा भएको व्यवस्था अनुसार प्रथम चौमासिकमा विभिन्न कोषको खर्च प्रतिवेदन लेखा शाखाबाट पेश भए अनुसार छलफल गरियो।

### ङ) विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता सम्बन्धमा

विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था कार्यालयको च.नं.७७ मिति २०८०/०७/१५ को पत्र अनुसार साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको स्तरोन्नती, मर्मत संभार लगायतका कार्यको लागि शहरी खानेपानी तथा सरसफाइ आयोजनाले ७० प्रतिशत, नगर विकास कोषले २५ प्रतिशत र ५ प्रतिशत उपभोक्ताको लागत सहभागीतामा लगानी विधि अनुरूप नगर विकास कोषको तर्फबाट ऋण सहयोग प्रदान गर्न नगरपालिकालाई सिफारिसको लागि अनुरोध भइ आएको हुदा उक्त कार्यक्रम संचालन गर्न यस नगरपालिकाबाट सिफारिस गर्ने र विदुर न.पा.वडा नं.६ मा खानेपानीको लागि ल.इ गराइ आवश्यक पाइप उपलब्ध गराउने।

### च) ) जाँचपास तथा फरफारक भएका योजना सम्बन्धमा

यस नगरपालिकाबाट जाँचपास तथा फरफारक भएका आयोजनाका विवरण प्रत्येक कार्यपालिका बैठकमा पेश गर्न सम्बन्धित शाखालाइ निर्देशन दिइ कार्यपालिका बैठकमा छलफल गरी अनुमोदन गर्ने । साथै हालसम्मका जाँचपास तथा फरफारक भएका योजनाहरू अनुमोदन गर्ने।

### छ) कर संकलन टोलीमा परिचालन हुने कर्मचारीहरूलाइ अतिरिक्त इन्धन सम्बन्धमा

कर संकलनमा खटिएका कर्मचारीहरूलाइ काममा खटिएको रेकर्डको आधारमा प्रति दिन १ लिटर पेट्रोल उपलब्ध गराउने।

### ज) विदुर १० महभिरमा घटेको घटना सम्बन्धमा

विदुर १० महभिरमा सामाजिक अभियनता बाटो विस्तार गर्ने सम्बन्धमा सक्रिय भइ कार्यक्षेत्रमा खटिएको बेला आकस्मिक दुर्घटना भइ मृत्यु हुन गएका श्री जित बहादुर तामाङ प्रति विदुर नगरपालिका परिवार हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तब्द परिवारजनमा समवेदना प्रकट गदर्छ। मृतकका परिवारलाइ राहत स्वरूप विपद् व्यवस्थापन कोषबाट एकमुष्ट रू.५,००,०००। (अक्षेरूपी पाँच लाख मात्र ) र क्रिया खर्च वापत रू २५,०००। (अक्षेरूपी पच्चिस हजार मात्र) उपलब्ध गराउने।

### झ) नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सम्बन्धमा

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० जारी गरी उक्त कार्यविधि बमोजिम आ.व. ०८०।०८१ को कार्यक्रम संचालन गर्न यस नगरपालिका समावेश भएको हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं ३१ मिति २०८०।०९।०५ को पत्रानुसार प्रतिबद्धता पत्र पेश गर्ने सम्बन्धमा उक्त कार्यविधिको दफा ४२ को (ख) बमोजिम कार्यक्रम संचालन गर्न यस

Scanned with CamScanner

नगरपालिकाले प्राप्त अनुदानको कम्तीमा २५ प्रतिशत रकम लागत सहभागीता जनाउने र उक्त कार्यविधिको पूर्णपालना गर्न प्रतिबद्धता जनाउने ।

**ञ) सूचना प्रकाशन गर्ने सम्बन्धमा**

विदुर नगरपालिका वडा नं ४ स्थित बट्टार कृयापुत्री प्रतिष्ठान भवन देखि माथि हावाघर बिचमा नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको जग्गा अतिक्रमण गरी अस्थायी टहरा निर्माण गरी बसोबास गरी रहेका बासिन्दालाइ उक्त ठाउँ खाली गर्न ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने ।

**ट) महिला सशक्तिकरण कार्यक्रम सम्बन्धमा**

गृहिणी महिला सशक्तिकरण कार्यक्रमको लागि सामाजिक विकास मन्त्रालयको सूचना अनुसार यस नगरपालिकाको वडा नं.५ मा कार्यक्रम गर्ने ।

**ठ) पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस सम्बन्धमा**

मिति २०८० पौष २७ गते पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा विदुर नगरपालिका अन्तर्गतका कार्यालय, वडा कार्यालयहरू र सामुदायिक विद्यालयलाई सार्वजनिक विदा दिने ।

**आर्थिक ऐनमा छुट भएका व्यवसाय करको दर निर्धारण सम्बन्धमा मिति २०८०/०९/१८ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय नं.९ ले निर्धारण गरेको करका दरहरु:**

| क.सं. | व्यवसाय कर | दर | कैफियत |
|---|---|---|---|
| १ | एकोरियम पसल (माछाको खोर) | २२००।- | |
| २ | कवाडी संकलन केन्द्र | ७०००।- | |
| ३ | रेमिट्यान्स सेवा | २०००।- | |
| ४ | कुरियर तथा कार्गो | १०००।- | |
| ५ | पार्टी प्यालेस | ५०००।- | |
| ६ | फलफुल तथा जुस पसल | २०००।- | |
| ७ | एटिएम वुथ (वैंक संगै नभएको मात्र) | ४०००।- | |
| ८ | प्लेटेड गहना पसल | १०००।- | |
| ९ | वाद्यवाधन सामाग्री पसल | ५००।- | |
| १० | साइकल वेच्ने पसल | २०००।- | |
| ११ | ड्राइभिङ सेन्टर (लाइट गाडी) | ५०००।- | |
| १२ | पेट सप | २०००।- | |
| १३ | हाते ट्रयाक्टर वेच्ने (कृषि प्रयोजनको लागि) | ७५००।- | |
| १४ | खेलकुद सामाग्री (ट्रफी/मेडल) बेच्ने पसल | २०००।- | |
| १५ | सपिङ्ग मार्ट (शाखा तथा उपशाखाहरु) | १०,०००।- | |
| १६ | सवारी साधन रिकण्डिसन हाउस | ५०००।- | |
| १७ | पुजा सामाग्री विक्री पसल | ३३००।- | |
| १८ | ड्राई क्लिनर्स | २०००।- | |
| १९ | सिरक डस्ना वनाउने तथा वेच्ने | २२००।- | |
| २० | मिठाई पसल<br>➢ ३ लाख सम्म पुंजी भएको<br>➢ ३ लाख भन्दा वढी पुंजी भएको | <br>११००।-<br>२२००।- | |
| २१ | खेलौना पसल<br>➢ ३ लाख सम्म पुंजी भएको<br>➢ ३ लाख भन्दा वढी पुंजी भएको | <br>११००।-<br>३३००।- | |
| २२ | व्याग पसल<br>➢ ३ लाख सम्म पुंजी भएको<br>➢ ३ लाख भन्दा वढी पुंजी भएको | <br>१२००।-<br>२२००।- | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २३ | निर्माण व्यवसायी | १०००।- | |
| २४ | दाना पसल तथा डिलरहरु<br>दाना खुद्रा व्यापारी | ५०००।-<br>१०००।- | |
| २५ | गोवर ग्याँस/बायो व्यवसाय | १०००।- | |
| २६ | सल्ला खोटो निकासी प्रति किलो | १।- | |
| २७ | व्यक्तिगत वा नगरपालिकामा दर्ता हुने उद्योग व्यवसायको लागि जग्गा छुट्याउन जाँदा<br>➢ व्यक्तिको हकमा<br>➢ संघ संस्थाको हकमा | <br><br>५००।-<br>१०००।- | |
| २८ | सामुदायिक वन दर्ता शुल्क<br>➢ ५०० सम्म रुख भएकाको लागि<br>➢ ५०० भन्दा माथि रुख भएकाको लागि प्रति रुख | <br>३०००।-<br>१५।-का दरले | |

Scanned with CamScanner